नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

जिल्ला शिक्षा कार्यालय अर्घाखाँची

पत्र संख्या : ०७१/०७२
चलानी नम्बर ८९३

लु.अ. नेपाल
मितिः–२०७१/१२/२२

विषयः निर्देशन कार्यान्वयन गर्ने गराउने सम्बन्धमा ।

श्री जिल्लामास्थित सम्पूर्ण विद्यालयहरु,
अर्घाखाँची ।

विद्यालय शिक्षालाई परिणाममुखी बनाउन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन जिल्लास्थित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुले देहाय बमोजिमका निर्देशनहरु कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

१. विद्यालयमा सञ्चालित प्रारम्भिक बालशिक्षा तथा विकासका बालबालिकालाई उमेर अनुसार डेक्सबेञ्चविहिन अलग्गै कक्षा कोठामा राखी तालिम प्राप्त सहयोगी कार्यकर्ताबाट बालविकासका उद्देश्य अनुरुपका क्रियाकलापहरु सञ्चालन गर्ने गराउने व्यवस्था मिलाउने ।
२. विद्यालयले सरोकारवालाको सहभागितामा आफ्नो वार्षिक कार्ययोजना बनाई नियमित शैक्षिक तथा प्रशासनिक कार्य गर्ने तथा विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा प्रवेश गराउने र टिकाउने प्रयत्नसहित विद्यालयको समग्र विकासका लागि सरोकारवालाको सहभागितामा विद्यालय सुधार योजना अद्यावधिक गरी कार्यान्वयन गर्ने । पाठ्यक्रमले निर्धारण गरेका विषयबस्तुहरु समयमानै पठनपाठन गरी तोकिएको ढाँचा र मितिमा विद्यार्थी मूल्याङकन गर्ने र सोको विश्लेषण गरी विद्यार्थीका समग्र पक्षको बारेमा समयमै अभिभावकलाई जानकारी गराउने ।
३. विद्यालय स्वागत, भर्ना तथा टिकाउ कार्यक्रम २०७२ को नारा ***"हिंसा, यौन दुर्व्यवहार र विभेदमुक्त विद्यालय बनाऔं, सबै बालबलिकालाई विद्यालय पठाऔं"*** तय भएको र २०७२।०१।०३ गते देखि विद्यालय भर्ना कार्यक्रम र विद्यालयस्तरमा हुने हिंसा तथा यौन दुर्व्यवहार बिरुद्धको राष्ट्रव्यापी अभियान सप्ताहव्यापी रुपमा मनाउने सन्दर्भमा प्रत्येक विद्यालयले स्थानीयस्तरमा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको सहयोग र समन्वयमा अभियान सञ्चालन गरी सो को प्रतिवेदन स्रोतकेन्द्र मार्फत जि.शि.का.मा पेश गर्ने ।
४. विद्यालयमा शान्त र उचित शैक्षिक वातावरण कायम गर्न विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी तथा सरोकारवाला बीच आपसी समन्वयमा सानातिना समस्यालाई स्थानीय रुपमा नै समाधान गर्ने । विद्यालयका संस्थापक, जग्गादाता तथा सहयोगी शिक्षाप्रेमीलाई उचित सम्मान तथा कदर गर्ने, कर्तव्यनिष्ठ शिक्षक, कर्मचारी तथा विद्यार्थीलाई प्रोत्साहित गरी विद्यालयलाई सबैको साझा र भरोसायोग्य शैक्षिक संस्थाका रुपमा विकास गर्न प्रयत्न गर्ने ।
५. विद्यालयहरुले कम्तीमा एक एक सेट सबै तहको पाठ्यक्रम, शिक्षक निर्देशिका तथा स्थानीय पाठ्यसामग्री अनिवार्यरुपमा राख्नु पर्ने । अबको विद्यालय शिक्षालाई सूचना, प्रविधियुक्त र फराकिलो ज्ञानमुखी बनाउन पुस्तकालय तथा E-Library स्थापना र प्रयोगमा जोड दिने ।
६. शिक्षा ऐन, नियममा व्यवस्था भएबमोजिम समयमा विद्यालयमा उपस्थित हुने र तोकिए बमोजिम विद्यार्थी केन्द्रित, भयरहित र सकारात्मक वातावरणमा बालमैत्री कक्षा शिक्षणको व्यवस्थापन गर्न शिक्षकले जोड दिने । विद्यालयको आवश्यकता अनुसार आफू नियुक्त भएको तह बाहेक अन्य तहमा अध्यापन गर्नुपर्ने बाध्यता भएमा पनि कम्तीमा दैनिक १ पिरियड आफ्नो तहमा अध्यापन गर्नुपर्ने ।
७. शिक्षकले प्रधानाध्यापक समक्ष लिखित जानकारी गराएर मात्र नियमानुसारको विदा उपभोग गर्ने । टेलिफोन मार्फत सञ्चार हुनसक्ने सामान्य विषयमा पनि प्रधानाध्यापक वा शिक्षक विद्यालय बाहिर रहने कार्यलाई न्यूनीकरण गर्ने । साथै प्रधानाध्यापकले हरेक वर्ष चैत्र मसान्तमा शिक्षकको सञ्चित विरामी विदा सम्वन्धित विद्यालय निरीक्षकबाट प्रमाणित गराई अद्यावधिक गर्ने ।
८. विद्यालयबाट नियमित रुपमा सङ्कलन गर्ने गरिएको तथ्याङ्क फाराममा वास्तविकभन्दा बढी विद्यार्थी संख्या उल्लेख भई आउँदा समग्र शैक्षिक योजना र सेवा वितरणमा नै नकारात्मक असर पर्ने भएकोले यस्तो कार्य नगर्ने नगराउने तथा तथ्याङ्कको वस्तुनिष्ठता कायम गर्न पहल गर्ने ।
९. Flash II २०७१ र Flash I २०७२ भर्ने सन्दर्भमा सम्बन्धित स्रोतव्यक्ति/स्रोतकेन्द्र प्र.अ. बाट प्राप्त Excel Base को Electronic फाराम भर्ने, तत्पश्चात जि.शि.का. बाट प्राप्त निर्देशन अध्ययन गरी सो सँग संलग्न Flash II २०७१ र Flash I २०७२ भरी तोकिएको समयमा जि.शि.का.मा पेश गर्ने ।

०७१/१२/२२
जिल्ला शिक्षा अधिकारी

१०. स्थानीय समुदायमा आवश्यकताभन्दा बढी विद्यालयहरु स्थापना गरी सञ्चालन गर्दा सरकारी स्रोत, साधनको दुरुपयोग हुने तथा स्थानीय समुदाय र लगानीकर्ताको लगानी र श्रमसमेत खण्डित भई बढी दायित्व वहन गर्नुपर्ने हुनाले विद्यार्थी संख्या कम भएका स्थानमा रहेका विद्यालयहरुलाई नजिकका विद्यालयमा गाभ्ने वा सार्ने अथवा विद्यालय बन्द गर्ने वा तह घटाउने प्रक्रिया अगाडि बढाउनु हुन अनुरोध छ।

११. विद्यालय व्यवस्थापन समितिको म्याद ३ शैक्षिक सत्र मात्र कायम रहने हुनाले म्याद समाप्त भएका विद्यालयहरुमा शिक्षा ऐन २०२८, को दफा २.च ५ र नियमावली २०५९ को नियम २४ समेत ख्यालगरी समय मै नियमानुसार पुनःगठन गर्ने। गैर अभिभावकलाई सो प्रक्रियामा सहभागि नगराउने तथा उच्च माध्यमिक तह सञ्चालित विद्यालयको वि.व्य.स.को अध्यक्ष हुन सोही तह उत्तिर्ण भएको अभिभावक अनिवार्य रुपमा हुनु पर्ने। वि.ब्य.स.मा छनौट हुने शिक्षा प्रेमी, चन्दादाता, समाजसेवीको विषयमा शिक्षा ऐन तथा नियमावली र प्रचलित कानूनको बिपरित नहुनेगरी विद्यालयले कार्यविधि बनाई व्यवस्थित गर्ने।

१२. कतिपय विद्यालयहरुमा ज्येष्ठ शिक्षक कार्यरत रहेको अवस्थामा पनि कनिष्ट शिक्षकहरुलाई निमित्त प्रधानाध्यपकको जिम्मेवारी दिइएको तथा प्रक्रिया पुरा गरी प्रधानाध्यापक व्यवस्था हुन नसकेको पाइएकोले अविलम्ब शिक्षा नियमावली बमोजिम विद्यालयमा कार्यरत शिक्षकहरु मध्येबाट स्थायी र जेष्ठ शिक्षकलाई प्राथमिकताका साथ प्रअ वा निप्रअ तोकी जि.शि.का.मा सिफारिस गर्नुपर्ने।

१३. विद्यालयले आर्थिक कारोबारको हिसाब राख्दा शिक्षा नियमावलीको अनुसूची २३ मा तोकिएका नं. १ देखि १० सम्मका फारामअनुसार लेखा राख्नुपर्नेमा सो गरेको नपाइएकाले सो अनुसार गर्नु हुन साथै आर्थिक नियमितता, मितव्ययिता र पारदर्शिता कायम गर्न प्रत्येक वर्ष तोकिए बमोजिम समय मै अनिवार्य रुपमा सामाजिक परीक्षण र अन्तिम लेखापरीक्षण गर्नु, गराउनु हुन अनुरोध छ।

१४. कक्षा ११ र १२ का कक्षाहरु पनि नियमित विद्यालय समयमा संचालन गर्ने गराउने। कुनै विद्यालयमा कक्षाकोठाको अभाव भएका कारणबाट एउटै सिफ्टमा कक्षा संचालन हुन सक्ने अवस्था नभएमा एकै सिफ्टमा सञ्चालन गर्ने योजना बनाई जिल्ला शिक्षा समितिको पूर्व स्वीकृति लिएर मात्र अन्य समयमा कक्षा संचालनको व्यवस्था मिलाउने। साथै विद्यालय क्षेत्र सुधार कार्यक्रमको भावना अनुसार उच्च मावि तहका लागि अलग्गै प्राचार्य रहने पद्दतिलाई निरुत्साहित गर्दै जाने।

१५. प्रत्येक विद्यालयले शिक्षक तथा कर्मचारीलाई चौमासिक रुपमा तलबभत्ता भुक्तानी गर्दा अनिवार्य रुपमा तलबको १ प्रतिशत पारिश्रमिक कर, स्थायी शिक्षकहरुको क.सं. कोष तथा बिमा कोष कट्टी गर्नु पर्ने। तलव भत्ताको माग गर्दा सोको भौचरको प्रतिलिपि सहित चौमासिकको दोस्रो महिनाको १५ गतेभित्र स्रोतव्यक्तिमार्फत जिल्ला शिक्षा कार्यालयमा माग फाराम पेश गर्नुपर्नेछ। नयाँ नियुक्त भएका शिक्षकका हकमा हाजिर भएको मितिबाट मात्र तलव भत्ता माग गर्नु पर्ने।

१६. विद्यालय हाता, कक्षाकोठा र शौचालयको नियमित सरसफाइको उचित व्यवस्था गर्नु गराउनु पर्ने। विद्यालय हाताभित्र सूर्तिजन्य पदार्थ एवं विद्यार्थीको स्वास्थ्यमा हानी पुऱ्याउने जङ्कफुड प्रयोग नगर्ने/नगराउने र विद्यार्थीको घरमा उपलब्ध हुनसक्ने खाजामात्र प्रयोग गर्न प्रोत्साहन गर्ने।

१७. स्थायी शिक्षकहरुले अनुसन्धान प्रतिवेदनसहित कासमू फाराम नियमामुसार भरी बैशाख ३० गतेभित्र विद्यालयमा दर्ता गर्ने र प्रधानाध्यापकले मूल्याङ्कन गर्नु पर्ने भएमा सो समेत गरी जेष्ठ १५ गतेभित्र अनिवार्य रुपमा जिल्ला शिक्षा कार्यालयमा दर्ता गराई सक्नुपर्ने। साथै स्थायी शिक्षकले आर्थिक वर्षको २ महिना (भदौ मसान्त) भित्र विद्यालय शिक्षक किताबखानामा दर्ता हुने गरी स्रोतकेन्द्र मार्फत् सम्पति विवरण फाराम भरी पेश गर्नुपर्ने।

१८. विद्यालयस्तरीय, जिल्लास्तरीय र एस.एल.सी. परीक्षालाई मर्यादित तुल्याउन आ-आफ्नो विद्यालयमा ठोस कार्ययोजना जस्तैः निरन्तर मूल्याङ्कन पद्दति कार्यान्वयन, शिक्षक निर्मित परीक्षाको व्यवस्थापन तथा परीक्षाफल विश्लेषण गरी विषयगत, शिक्षकगत, कक्षागत, तहगत र विद्यालयगत औसत उपलब्धि पहिचान गरी भावी सकाई उपलब्धि प्रक्षेपण गरी शिक्षण सुधार योजना बनाइ कार्यान्वयन गर्ने/गराउने तथा सो को जानकारी स्रोतकेन्द्र र जि.शि.का. मा लिखितरुपमा गराउने। एस.एल.सी.परीक्षालाई विशेष ध्यान दिई शैक्षिक सत्रको शुरुदेखि नै अतिरिक्त कक्षाको व्यवस्था गरी पठनपाठन गर्ने व्यवस्था मिलाउने।

१९. स्रोतकेन्द्र तहमा आयोजना गरिने विभिन्न शैक्षिक कार्यक्रमहरुमा स्रोतकेन्द्र विद्यालयबाट सक्रिय सहभागीता जनाई अनुकरणीय तथा अगुवा विद्यालयको भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ। यसका लागि स्रोतकेन्द्र व्यवस्थापन समितिलाई पनि सक्रिय गराउने।

२०. हरेक वर्ष मितव्ययी रुपमा वार्षिकोत्सव तथा अभिभावक दिवस मनाउने तथा राष्ट्रिय शिक्षा दिवस, बालदिवस, सस्वतीपूजा जस्ता दिनलाई विभिन्न शैक्षिक कार्यक्रम गरी प्रेरणादायी बनाउनु पर्ने।

२१. विद्यालयको विकासका लागि कुनै दातृपक्षबाट ठोस सहयोग प्राप्त गर्दा तथा विद्यालयका कार्यक्रममा जिल्ला बाहिरबाट विषेश आतिथ्यता गराउँदा जिल्ला शिक्षा कार्यालयसँग समय मै समन्वय गर्नु पर्ने।

२२. विद्यालयको भौतिक संरचना प्रयोग गरी हाता भित्र सकभर क्याम्पस संचालन नगर्ने। यसरी क्याम्पस सञ्चालन गर्नै पर्ने भएमा विद्यालयको नियमित पठनपाठनको समयमा बाधा नपर्ने गरी तथा विद्यालयको दीर्घकालीन हित हुने सुनिश्चितता सहित नियमानुसार सम्झौता गर्ने।

२३. विद्यालयमा कार्यरत शिक्षकहरु क्याम्पस प्रमुख लगायत आंशिक वा करारमा अध्यापन कार्यमा संलग्न रहनु परेमा विद्यालयको पठनपाठनमा असर नपर्ने सुनिश्चितता सहित नियमानुसार अनिवार्य रुपमा विभागीय स्वीकृति लिनु पर्ने।

२४. सामूदायिक विद्यालयको शिक्षक तथा कर्मचारीहरु विभागीय स्वीकृति विना वा कानुनद्वारा तोकिएको प्रतिनिधिको अवस्थामा बाहेक वि.ब्य.स. उपभोक्ता समिति, सामूदायिक वन, वचत तथा ऋण सहकारी संस्था, गैर सरकारी संस्थाहरु, पत्रकारिता, व्यवसाय र निर्माण लगायतका कुनै पनि संघ संस्थामा

शिक्षा विभाग
जिल्ला शिक्षा कार्यालय
अर्घाखाँची

०७१/२/२२
जिल्ला शिक्षा अधिकारी

सञ्चालक, संस्थापक वा कर्मचारी बन्न, कुनैपनि राजनीतिक दलको प्रतिनिधि हुन रोक लगाउने र शिक्षा नियमावलीको नियम १३३ को उपनियम (१) को खण्ड (ज) मा शिक्षकले पालन गर्नुपर्ने आचारसंहिता अक्षरस पालना गर्ने गराउने ।

२५. आफ्नो सेवा क्षेत्र भित्र अनुमति नलिई वा शाखा विद्यालयको बहानामा सञ्चालित संस्थागत विद्यालय भएमा त्यस्ता विद्यालयमा विद्यार्थी भर्ना नगराउन अभिभावक वर्गमा सचेतना बढाउने तथा जिल्ला शिक्षा कार्यालयमा जानकारी दिई नियमन गर्न गराउन पहल गर्ने ।

२६. अनुमति लिई सञ्चालन भएका संस्थागत विद्यालयहरुले अनिवार्य रुपमा गुठी वा कम्पनीमा दर्ता गरी सोको जानकारी यस कार्यालयमा गराउने । संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि नियमानुसार छात्रवृत्ति उपलब्ध गराउने र सोको एक प्रति स्रोतकेन्द्र मार्फत जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने । संस्थागत विद्यालयहरुले पाठ्यक्रम विकास केन्द्रले सूचिकृत गरेको पाठ्यपुस्तक मात्र पठनपाठन गर्ने ब्यवस्था मिलाउने ।

२७. समय समयमा शिक्षा सरोकारवाला, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, जिल्लास्तरीय तथा केन्द्रिय निकायबाट विद्यालयको अनुगमन तथा निरीक्षणका क्रममा दिइएका सबल पक्षहरुको सुढृढीकरण र सुधार गर्नुपर्ने पक्षमा दिइएका सुझाबहरु कार्यान्वयन गर्ने गराउने ।

२८. जिल्लाका सबै गा.बि.स./नगरपालिकाहरु साक्षर घोषणा भइसकेको र साक्षर जिल्ला घोषणाको तयारी भइरहेको अवस्थामा बाँकी रहेका निरक्षर व्यक्तिहरुलाई साक्षर बनाउन साक्षरता कार्यक्रममा विद्यार्थी परिचालन निर्देशिका २०७० बमोजिम कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरुलाई परिचालन गर्ने र सो को विवरण जि.शि.का. मा अनिवार्य रुपमा पठाउने ।

२९. विद्यालयमा कार्यरत प्र.अ., शिक्षक तथा कर्मचारीहरु, वि.व्य.स. तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुको घर परिवारमा कोही निरक्षर सदस्यहरु भएमा आगामी शैक्षिक सत्र शुरुभएको ३ महिना भित्र त्यस्ता निरक्षरहरुलाई साक्षर बनाउने जिम्मेवारी उनीहरुलाई नै तोकी साक्षर बनाउने र सो को अभिलेख विद्यालयमा अनिवार्यरुपमा राख्ने व्यवस्था मिलाउने ।

३०. सामूदायिक विद्यालयमा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चित गर्न सो तहमा कुनै पनि बहानामा विद्यार्थीबाट शुल्क उठाउन नपाउने । विद्यालयलाई शान्ति क्षेत्र बनाउनका लागि विद्यालय तहको शान्ति समिति तत्काल गठन गरी क्रियाशील बनाउने ।

३१. विद्यालयमा कार्यरत सबै शिक्षकहरुलाई शैक्षिक सत्रको शुरुमा नै विशेष जिम्मेवारी दिई कार्य गर्ने गराउने तथा सबै शिक्षकहरुलाई आफूले अध्यापन गराउने विषयको वार्षिक शैक्षणिक योजना निर्माण गर्न लगाई सोही अनुसार पठनपाठन गर्ने ब्यवस्था मिलाउने ।

३२. सामाजिक परीक्षण निर्देशिका बमोजिम भाद्र महिना भित्र नियमानुसार सामाजिक परीक्षण गर्ने गराउने साथै तोकिएको समयमा अन्तिम लेखा परीक्षण गराई सो को प्रतिवेदन स्रोतकेन्द्र मार्फत जिल्ला शिक्षा कार्यालयमा पेश गर्ने ।

३३. प्रत्येक विद्यालयमा वि.व्य.स., शिक्षक अभिभावक संघ, शिक्षक, अभिभावक एवं विद्यार्थीहरुको आचारसंहिता निर्माण गरी सबैले देख्ने ठाउँमा टाँस्ने ब्यवस्था मिलाउने र सोको पालना गर्ने गराउने ।

३४. विद्यालयमा निकासा हुने छात्रवृत्ति, निशुल्क पाठ्यपुस्तक बापतको रकम, भौतिक निर्माण तर्फको रकम समयमा नै सम्बन्धित शिर्षकमा पारदर्शी किसिमले खर्च गर्ने र सो सम्बन्धी प्रतिवेदन समयमै पेश गर्ने गराउने ।

३५. विद्यालयमा प्राप्त हुने भौतिक निर्माण गुणस्तरयुक्त किसिमले सम्पन्न गर्ने व्यवस्था मिलाउने । गुणस्तरीय, सस्तो र किफायती निर्माण सामाग्रीहरु विद्यालयलाई पायक पर्ने स्थानबाट खरीद गर्ने र पारदर्शिताको लागि निर्माण कार्यको विवरण खुल्ने होर्डिङ वोर्ड अनिवार्य रुपमा राख्ने तथा शिक्षक अभिभावक संघका अध्यक्षको अध्यक्षतामा सर्वपक्षीय अनुगमन समिति गठन गरी अनुगमन गर्ने ।

३६. Non Salary PCF रकम खर्च गर्दा विद्यालय सुधार योजनाले निर्दिष्ट गरेका कार्यक्रमरुमा वि.व्य.स.को निर्णय गराई शैक्षिक गुणस्तर सुधार गर्ने कार्यक्रमहरुमा खर्च गर्ने । प्रत्येक विद्यालयले शैक्षिक सत्र भरी विद्यालय सुधारका लागि कम्तिमा एउटा नयाँपन झल्किने शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने कार्यक्रमहरु गर्ने र सो को अनुभव आदान प्रदान अन्य विद्यालयसंग गर्ने गराउने व्यवस्था मिलाउने ।

३७. विद्यार्थीहरुलाई समयमै निशुल्क पाठ्यपुस्तक उपलब्ध गराई खरिद गरिएको र विद्यार्थीहरुलाई वितरण गरिएको कक्षागत र विषयगत विवरण स्रोतकेन्द्र मार्फत जि.शि.का. मा पेश गर्ने । पाठ्यपुस्तक खरिद गर्दा कक्षा १–५ को लागि निजी क्षेत्रबाट उत्पादित र कक्षा ६–१० को लागि अनिवार्य रुपमा जनक शिक्षा सामाग्री केन्द्रबाट उत्पादन गरिएका पाठ्यपुस्तकहरु खरिद गर्ने र सो केन्द्रबाट प्रमाणित गरिएको बील बीजक मात्र बिक्रेताबाट लिने । पुराना पाठ्यपुस्तक वितरण गरी नयाँ पाठ्यपुस्तक खरिद गरेको देखाउने गुनासोको सन्दर्भमा शिक्षा बिभागको ध्यानाकर्षण भई पत्राचार समेत भएकाले यस्ता कार्य कुनै हालतमा नगर्ने तथा जति पाठ्यपुस्तक विक्रेताबाट प्राप्त हुन्छ सो को मात्र रकम भुक्तानी गर्ने ।

३८. आर्थिक वर्ष २०७२/०७३ को अन्त्य संगै विद्यालय क्षेत्र सुधार कार्यक्रमको म्याद सकिने हुँदा तत्पश्चात विद्यालय शिक्षाका लागि आवश्यक योजना तथा कार्यक्रमको सम्बन्धमा केही सुझावहरु भए postssrp@gmail.com मार्फत शिक्षा मन्त्रालयमा पठाउने ।

३९. अध्यापन अनुमतिपत्र नभएका (२०६९ कार्तिक २२ सम्म म्याद तोकिएका वाहेक) शिक्षकहरु विद्यालयमा कार्यरत रहेको भए निजहरुको तलब भत्ता निकासा नहुने हुनाले त्यस्ता प्रकृतिका शिक्षकहरुलाई कामकाजमा नलगाउने ।

२०७१।१२।२२

धनसिंह धामी

जिल्ला शिक्षा अधिकारी

जिल्ला शिक्षा अधिकारी

फोन नं. ०७७-४२०३०५, ४२०१०५ फ्याक्स नं. ०७७-४२०५५५, E-mail:-deoargha@gmail.com www.deoarghakhanchi.gov.np

जिल्ला शिक्षा कार्यालय अर्घाखाँची